"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन, र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गाल्जे ,कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या:-२०७९/०८०

सूचना नः- ११

---

**सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८०/०२/१६**

किर्डाक नेपाल, सेभ द चिल्ड्रेन र यस नगरपालिका बीच भएको त्रिपक्षीय सम्झौता पत्र तथा किर्डाक नेपालको आर्थिक सहयोग तथा सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा यस नगरपालिकालाई आवश्यक परेका देहाय बमोजिकमका पदहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट (करारमा) पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ।

तपसिल

| क.स. | विज्ञापन नं | पद | तह | सेवा | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ६०५०७११/०७९/८० | बाल कल्याण अधिकारी | ६ | विविध | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट कानून वा सामाजिक शास्त्र विषयमा स्नातक तह उतिर्ण गरी बाल अधिकार, बालसंक्षण तथा बाल न्यायको क्षेत्रमा कार्यानुभव भएको। |
| २ | ६०५०७१२/०७९/८० | शैक्षणिक स्रोत व्यक्ति | ६ | शिक्षा | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट शिक्षाशास्त्र विषयमा स्नातकोत्तर तह उतिर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको। |

**दरखास्त दिने अन्तिम मितिः-** २०८०/०२/२३ गते र दोब्बर दस्तुर तिरी २०८०/०२/२६ गते कार्यालय समय भित्र।

**परीक्षाको किसिमः-** संक्षिप्त सूची, लिखित, अन्तरबार्ता र आवश्यकतानुसार अन्य।

**परीक्षा मितिः-** सम्पर्क मितिमा तोकिनेछ।

**सम्पर्क मितिः-**२०८०/०२/२७ विहान १० बजे ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि रु १२००/-( एक हजार दुई सय मात्र), नेपाल ईन्भेष्टमेन्ट मेघा बैंकको गाल्जे शाखामा रहेको यस कार्यालयको राजस्व खाता नं ०६२०१४००२५०००९ मा दाखिला गरी सोको सक्कलै भौचर दरखास्त फारमसँगै पेश गर्नुपर्नेछ।

**दरखास्त बुझाउने स्थानः-** तिलागुफा नगरपालिकाको प्रशासन शाखा।

**उम्मेदवारको उम्मेरको हदः-** प्रत्येक विज्ञापनका लागि २१ वर्ष पूरा भई ३५ वर्ष नलाघेको तथा महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूहसँग सम्बन्धित र कार्यालयले खटाएको अन्य काम ।

**तलवः-** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**पाठ्यक्रमः-** शैक्षणिक स्रोत व्यक्तिको हकमा शिक्षक सेवा आयोगले मा.वि. तहका लागि निर्धारण गरेको पाठ्यक्रम सो सरह तथा बाल कल्याण अधिकारीको हकमा यस नगरपालिकाको नगर तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम हुनेछ।

**करार सेवा अवधिः-** नियुक्ति भएको मिति देखि सन- २०२३ को अक्टोबर अन्तिम सम्म हुनेछ तथा कार्य सम्पादन हेरी नगरपालिकाले थप गर्न सक्नेछ।

दरखास्त फाराम यस नगरपालिकाको वेब साईट www.tilagufamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**आवश्यक कागजातहरु**

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान

शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलपि १/१ थान

पासपोर्ट साईजको फोटो २ प्रति।

कविराज न्यौपाने
प्रशासकीय अधिकृत
अधिकृत (छैठौं)

अवगतार्थः- श्री नगर प्रमुख ज्यू, नगर उप-प्रमुख ज्यू र श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू।

बोधार्थः- श्री सूचना प्रविधि अधिकृत सूचना Web site मा Upload गरिदिनहुन।